संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

कोभिड-१९सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

साप्ताहिक

अंक ९ | संवत २०७७ साल जेठ २५ गते आइतवार

daobhaktapur.moha.gov.np

बन्दाबन्दीको ७६औ दिन

भक्तपुर जिल्लामा कोभिड १९

| संक्रमित संख्या | उपचारको क्रममा | निको भइ घर फिर्ता |
|---|---|---|
| ५ | १ | ४ |

## प्रदेश १ र प्रदेश २ का नागरिकका लागि भक्तपुरमा होल्डिङ सेन्टर

### विदेशबाट आएकाहरुलाई केही समय होल्ड गरी सम्बन्धित जिल्ला पठाइने, सिएमसीको संयोजनमा सुरक्षा निकायवाट व्यवस्थापन

नेपाल सरकारको निर्णयानुसार विदेशबाट ल्याइने नेपाली नागरिकलाई घर पठाउन व्यवस्थापन गर्ने उद्देश्यले भक्तपुरमा प्रदेश १ र प्रदेश २ का नागरिकहरुका लागि होल्डिङ सेन्टर व्यवस्था गरिएको छ ।

प्रदेश १ का लागि सूर्यविनायकस्थित इम्पेरिअल ब्याङ्कवेट र प्रदेश २ का लागि राधेराधेस्थित हेरिटेज पार्टी प्यालेसलाई होल्डिङ सेन्टरको रूपमा व्यवस्थापन गरिएको छ । दुवै होल्डिङ सेन्टरमा एकपटकमा पाँच/पाँच सय जना लाई होल्डिङ गरी राख्न सकिने क्षमता रहेको छ ।

मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को निर्णयानुसार "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनेपर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७" अनुसार विदेशबाट घर आउने व्यक्तिहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट होल्डिङ सेन्टरमा ल्याइ यहाँबाट घर तर्फ पठाइने छ । काठमाडौं उपत्यका भित्रको भक्तपुर जिल्लामा प्रदेश १ र प्रदेश २ का नागरिकहरुलाई ल्याइने र घर पठाइने गरी तयारी गरिएको छ ।




नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी कार्ययोजना, २०७७ अनुसार भक्तपुर जिल्लामा जिल्लास्तरीय संकट व्यवस्थापन समितिको समन्वयमा नेपाली सेनाको विरदल गण, सशस्त्र प्रहरी र नेपाल प्रहरीले यो सेन्टरको निर्माण र संचालन हुनेछ ।

प्रदेश १ र प्रदेश २ का नागरिकहरु स्वदेश आएपछि केही घन्टा यस सेन्टरमा राखिनेछ । यस अवधिमा निजहरुको व्यक्तिगत विवरण संकलन गरिने, नेपाल टेलिकमबाट सिम वितरण हुने र अन्य आवश्यक प्रक्रिया पुरा गरी होटेल क्वारेन्टिनमा बस्न चाहनेलाई होटेलमा र स्थानीय तहले व्यवस्थापन गरेको क्वारेन्टिनमा बस्नेलाई सम्बन्धित जिल्ला सदरमुकामसम्म पठाइनेछ ।

## बढ्दो संक्रमण र घटदो सतर्कता

वल्डोमिटरका अनुसार विश्वभरमा संक्रमित ७९ लाख मानिसहरु मध्ये ४ लाख भन्दा वढी मानिसको मृत्यु भएको छ । नेपालमा हालसम्म ३२३५ जना संक्रमित मध्ये ३६५ जना निको भएका र १३ जनाको मृत्यु भइसकेको छ । भक्तपुर जिल्लामा हालसम्म पुष्टि भएका ५ जना मध्ये ४ जना निको हुनुभएको छ भने १ जना उपचाररत हुनुहुन्छ ।

नेपाल सरकारले देशमा लकडाउन सुरु गर्दाको अवस्थामा संक्रमितको संख्या २ जना रहेको थियो । त्यस यता नेपालले गरेको लकडाउन र जनसाधारणबाट समझदारीका साथ अपनाएका सतर्कताको कारणले नै संक्रमणको फैलावटलाई रोक्न सकिएको भनी विश्व स्वास्थ्यसँगठनलगायतबाट भनिएको छ । संक्रमणको स्थिति झन भायावह वन्दै गैरहेको अवस्थामा हामीले अझ वढी सर्तकता अपनाउनुपर्ने र सामाजिक दुरी कामय गरी लकडाउनको परिपालना गर्नुपर्ने अवस्था छ । तर बाटोमा एवं वजारमा देखिने भिडभाड हेर्दा कतै हामी कोरोनालाई चुनौती त दिइरहेका छैनौ ? भन्ने भान हुन थालेको छ । त्यसैले अव फेरी मनन गर्ने वेला भएको छ कोरोनाको वढ्दो रफ्तारलाई हाम्रो सतर्कताले मात्र रोक्न सक्छ ।

## समन्वयकर्ता मन्त्रीज्यू, सचिवज्यूलगायतबाट होल्डिङ सेन्टरको निरीक्षण





कोरोना रोकथाम नियन्त्रणका लागि प्रदेश १ सँग समन्वय गर्ने जिम्मेवारीमासमेत रहनुभएका माननीय भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री वसन्तकुमार नेम्बाङ र प्रदेश २ सँग समन्वय गर्ने जिम्मेवारीमासमेत रहनुभएका माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले होल्डिङ सेन्टरको निरीक्षण गर्नुभएको छ । उहाँहरुले होल्डिङ सेन्टरको अवस्थाबारे जानकारी लिँदै स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायतका भूमिकाको प्रशंसा गर्नुभयो। सिएमसी भक्तपुरका तर्फबाट प्रमुख सेनानी शिवप्रसाद पौडेलले होल्डिङ सेन्टरको सञ्चालन, व्यवस्थापनका बारेमा उहाँहरुलाई जानकारी गराउनुभएको थियो।

यसै गरी गृह सचिव श्री महेश्वर न्यौपानेज्यू सहित सुरक्षा निकायका पदाधिकारीज्यूहरुबाटसमेत निरीक्षण भयो । निरीक्षण टोलीमा नेपाली सेनाका युद्धकार्य महानिर्देशक उपरथी राजेन्द्र कार्की, उपत्यका पृतनापति उपरथी आनन्द अधिकारी, बाहिनीपति सहायक रथी प्रेमध्वज अधिकारी, महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख डिआईजी विश्वराज पोखरेलसमेत रहनुभएको थियो ।

# भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाको अन्तर जिल्ला समन्वय बैठक सम्पन्न

## प्रवेश नाकाहरुमा कडाइ गरिने, लागू औषध र चोरी नियन्त्रणका लागि संयुक्त कदम चालिने



भक्तपुर जिल्लामासमेत कोरोना पोजेटिभ देखिएको सन्दर्भमा यस महामारी विरुद्ध सिमाना जोडिएका काभ्रे र भक्तपुर जिल्लाका सुरक्षा समितिको संयुक्त वैठक बसी दुबै जिल्ला थप क्रियाशिल बढाइ कोरोना संक्रमण, रोकथाम तथा नियन्त्रण प्रभावकारी बनाउने निर्णय भएको छ ।

मिति २०७७ जेठ २० गते बसेको भक्तपुर र काभ्रेपलान्चोक जिल्लाका जिल्ला सुरक्षा समितिको अन्तर जिल्ला समन्वय बैठकले यस्तो निर्णय गरेको हो । बैठकमा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे तथा काभ्रेपलान्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रवण कुमार तिमिल्सिना सहित दुवै जिल्लाका सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

बैठकले काभ्रेपलाञ्चोक र भक्तपुर जिल्ला प्रवेश गर्ने मुख्य नाका साँगा र नालालगायत अन्य प्रवेश विन्दुमा सवारी साधन र मानिसको आवागमनलाई थप कडाईका साथ चेकजाँच गर्ने निर्णय गरेको छ । साथै अत्यावश्यक सेवाका सवारी साधन, ढुवानीका साधन, विकास निर्माणका सवारी साधनका चालकहरुलाई मास्क, ग्लोभ्स, सेनिटाइजरलगायत अन्य स्वास्थ्य सुरक्षाको न्युनतम मापदण्ड पुरा गर्न अनिवार्य गर्नेसमेत निर्णय गरेको छ ।

लामो समयदेखिको लकडाउनका कारण आर्थिक क्रियाकलापमा परेको असरका कारण चोरी, लुटपाट तथा आपराधिक क्रियाकलाप बढ्न सक्ने तथा त्यस्ता व्यक्तिहरु एक जिल्लाबाट अर्को जिल्लामा लुकिछिपि बस्न सक्ने हुँदा निगरानी, पहिचान, सुरक्षा चेकजाँचमा कडाई गर्ने र दुई जिल्लाका सीमा क्षेत्रमा गस्ती तथा पट्रोलमा वृद्धि गर्ने निर्णय गरेको छ ।

दुइ जिल्लाका सिमानाकाहरु साँगा, नाला र अन्य सम्भावित विन्दहरुमा लागू औषध नियन्त्रण विशेष अभियान संञ्चालन गर्ने तथा प्राकृतिक प्रकोप व्यवस्थापन तथा न्यूनीकरणका लागि दुवै जिल्लाका सरोकारवाला पक्षहरु समन्वयात्मक रुपमा क्रियाशिल रहनेसमेत निर्णय भएको छ ।

# उपत्यकाका तीनै जिल्लाको सिएमसीको तेस्रो संयुक्त बैठक

## कोरोना नियन्त्रण र रोकथाममा समन्वयात्मक पहल गरिने

मिति २०७७०२ २२ गते काठमाडौं उपत्यकाका तीनवटै जिल्लाको संकट व्यवस्थापन केन्द्र सिएमसीको संयुक्त वैठक भयो ।

बैठकमा जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख शिव सुन्दर राजवैद्य, जि.स.स. भक्तपुरका प्रमुख नवराज गेलाल तथा काठमाडौंका प्रजिअ जनकराज दाहाल, ललितपुरका प्रजिअ नारायणप्रसाद भट्ट, भक्तपुरका प्रजिअ हुमकला पाण्डेलगायत सुरक्षा निकायका प्रमुखहरु सहित सिएमसीका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।



कोभिड १९ को नियन्त्रण र रोकथामका हालको अवस्थाको विश्लेषण गर्दै यस परिस्थितिको सामना गर्न गर्नुपर्ने कामका बारेमा छलफल गरी विभिन्न निर्णयहरु भएका छन् । यस पूर्वसमेत २ पटक सिएमसीको संयुक्त बैठक बसिसकेको छ ।

बैठकले स्वदेश फिर्ता आउने नेपालीका लागि उपत्यकामा तयार गरिने होल्डिङ्ग एरिया संचालन र व्यवस्थापन गरी गन्तव्यसम्म पठाउन विभिन्न विषयहरुमा निर्णय निकासाका लागि गृह मन्त्रालयमार्फत सिसिएमसीमा अनुरोध गरि पठाउने निर्णय गरेको छ ।

यस्ता विषयहरुमा होल्डिङ एरीयामा हुने प्रशासनिक खर्चको पेश्की, यात्रुहरुलाई गन्तव्यमा पठाउने रकम, विदेशी विनियमको समस्या, बसभाडा तिर्न नसक्ने व्यक्तिहरुको भाडा व्यवस्थापन, स्थलगतरुपमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीका लागि सुरक्षा सामग्री, डाक्टर सहितको स्वास्थ्यकर्मी खटाउने, होल्डिङ एरियामा प्रदेशको अधिकारिक प्रतिनिधि उपस्थित हुने, होल्डिङ सेन्टरको भाडा निर्धारण, बिरामीलाइ रिसिभ गरी अस्पतालसम्म लैजाने जिम्मा र प्रक्रियाका विषयहरु रहेका छन् ।

यसै गरी व्यवसायी र सर्वसाधारणबाट आएका गुनासा र माग अनुसार अत्यावश्यक वस्तु र सेवाको संचालन हुने व्यवस्था मिलाउन वा यसको विकल्पमा अन्य व्यापार व्यवस्थालाई वर्गीकरण गरी सामाजिक दूरी कायम: गरी स्वास्थ्यसम्बन्धी प्रोटोकल अनिवार्य पालना हुने गरी संचालन गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने भनी गृह मन्त्रालयमार्फत सिसिएमसीमा लेखी पठाउनेसमेत निर्णय गरेको छ ।

## जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (सिएमसी) को १४ औं बैठक

# वडा र नगरस्तरीय क्वारेन्टाइन स्थल तयार गर्ने, क्वारेन्टाइन सहजीकरण गर्न सम्पर्क व्यक्ति तोक्ने

भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण गर्दै जिल्लामा सवारी साधन व्यवस्थापन, क्वारेन्टाइन व्यवस्थापन तथा नेपाली नागरिक स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी कार्य योजना, २०७७ को कार्यान्वयनका बारेमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र, सिएमसीको बैठकमा छलफल भइ विभिन्न निर्णयहरु भएका छन्।

मिति २०७७।०२।१९ गते प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष तथा सिएमसीका सल्लाहकार श्री नवराज गेलालगायत सिएमसीका पदाधिकारीहरुको उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र भक्तपुरको १४ औं बैठक बसेको हो ।

**सिएमसीको १४ औं बैठकका निर्णय मिति २०७७।०२।१९**

१. सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुनः अनुरोध गर्ने ।

२. नेपाली नागरिकहरू स्वदेश आउन सहजिकरण गर्नेसम्बन्धी आदेश, २०७७ को ८ नं. बुदामा व्यवस्था गरिए अनुसार एयरपोर्टबाट भक्तपुर होल्डिङ्ग एरियासम्म ल्याउनको लागि सवारी साधनको व्यवस्थापन गर्न यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरी महाशाखालाई अनुरोध गर्ने ।

३. जिल्लास्थित स्थानीय तहहरूले आफ्नो स्थानीय तहमा विदेशबाट आउन सक्ने नागरिकहरूलाई सुरक्षित तवरले राख्नको लागि वार्ड/नगरस्तरीय क्वारेन्टाइन स्थल(खुला स्थान/स्कूल/पार्टी प्यालेस/होटल आदी) तोकी सोको विवरण तत्काल जिल्ला स्तरीय CMC मा जानकारी गराउन अनुरोध गर्ने।

४. नेपाली नागरिक स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी कार्य योजना, २०७७ को प्रतिलिपि सबै स्थानीय तहमा उपलब्ध गराई सोमा उल्लेखित कार्य गर्न गराउन अनुरोध गर्ने ।

५. जिल्लामा कोभिड-१९ को नियन्त्रण, रोकथाम र पहिचान गर्न जिल्लास्थित अस्पतालहरुबाट नियमित रुपमा कोभिड लक्षित स्वास्थ्य परीक्षण गर्ने ।

६. जिल्ला प्रशासन कार्यालय, भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाललाई (मो. नं. ९८५११४३३८५) नगरपालिकास्तरीय क्वारेन्टाइन सहजीकरण गर्न सम्पर्क व्यक्ति तोक्ने साथै स्थानीय तहले आ-आफ्नो नगरपालिकाहरूमा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा सम्पर्क व्यक्ति तोकी जिल्लास्तरीय CMC मा पठाउन अनुरोध गर्ने ।

## होल्डिङ एरिया वरपरका स्थानीयसँग छलफल र परामर्श

प्रदेश नं १ र प्रदेश नं २ का लागि भक्तपुरमा तयार गरिएका होल्डिङ सेन्टर वरपरका स्थानीयवासीहरुसँग छलफल र परामर्श भएको छ । होल्डिङ सेन्टरका कारणले समुदायमा कुनै प्रकारको स्वास्थ्यजन्य वा सामाजिक समस्या उत्पन्न हुन नदिन तथा यस बारेमा समुदायमा चेतना विस्तारका लागि छलफल र परामर्श गरिएको हो ।







# म्यानमार र दुबईवाट स्वदेश आएका ६१ जनालाई होल्डिङ सेन्टरबाट पठाइयो

नेपाल सरकारको निर्णयानुसार विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने क्रममा शुक्रबार म्यानमार र युइएईबाट नेपाली नागरिक नेपाल ओर्लिएका छन् ।

नेपाल आएका मध्ये प्रदेश १ र प्रदेश २ का नागरिकका लागि भक्तपुरमा तयार गरिएको होल्डिङ सेन्टरमा ती प्रदेशका व्यक्तिहरुलाई ल्याइ व्यवस्थापन गरिएको छ ।

होल्डिङ सेन्टरमा आएका मध्ये प्रदेश १ का ४१ जना र प्रदेश २ का २० जना रहनु भएका थियो । जसमध्ये प्रदेश १ का २ जना म्यानमारबाट आएको अरु सबै दुबईबाट आउनुभएको थियो ।

त्यसै गरी यस क्रममा भक्तपुर जिल्लाका ६ जनालाई सम्बन्धित नगरपालिकाको जिम्मा लगाई क्वारेन्तिनमा वस्ने गरी पठाइएको छ ।

होल्डिङ सेन्टरमा आवश्यक विवरण संकलन गरी स्वास्थ्य जाँच पछि नेपाली सेनाको संयोजनमा सम्बन्धित जिल्ला सदरमुकाममा पठाइएको छ ।

### खरिपाटी क्वारेन्टिनस्थलको पुनः उपयोग

काठमाडौंका होल्डिङ सेन्टरबाट पठाइएका विभिन्न जिल्लाका ३९ जना व्यक्तिहरुलाई खरिपाटीस्थित क्वारेन्टिनस्थलमा राखी सम्बन्धित स्थानीय गन्तव्यसम्म पठाउन सहजीकरण भइरहेको छ।

## महामारी नियन्त्रणको काममा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र राष्ट्रसेवकको मनोबल उच्च पारी कार्यस्थलमा उचित वातावरण सिर्जना गर्ने सम्बन्धमा हार्दिक अनुरोध

कोभिड-१९ को रोकथाम, प्रतिकार्य र नियन्त्रणको राष्ट्रिय अभियानको अग्रपंक्तिमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरु खटिइरहेको र यो अभियान हामी सबैको जीवन रक्षाको लागि भएको सबैमा विदितै छ ।

हालका दिनहरुमा कार्यस्थलमा कार्यरत रहँदा यी अभियानकर्मीहरुलाई केही जिल्लाहरुमा कुटपिट, हुलहुज्जत जस्ता कारणले असुरक्षित भएको भन्ने समाचारहरु आइरहेका छन् । पक्कै पनि यस्ता खवरहरुले अग्रपंक्तिमा खटिएकाहरुको मनोवल कमजोर हुन जाने देखिन्छ।

महामारी नियन्त्रणको काममा अग्रपंक्तिमा खटिएका सबै राष्ट्रसेवकको मनोबल उच्च पारी कार्यस्थलमा उचित वातावरण सिर्जना गर्ने दायित्व स्थानीय प्रशासन, निर्वाचित जनप्रतिनिधि, समाजका बौद्धिक वर्ग, पेशा व्यवसायीलगायत सबै जनसाधारणकोसमेत हो । यसैले अग्रपंक्तिमा खटिने राष्ट्रसेवकलाई सुरक्षित रुपमा काम गर्ने वातावरण तयार गरी कोरोना भाइरस महामारीको विरुद्धमा लाग्न स्थानीय स्तरमा सम्बद्ध सबै पक्षको सहयोग लिई समन्वयात्मक रुपमा काम गर्ने वातावरण मिलाउन हार्दिक अनुरोध छ ।

गृह मन्त्रालयको मिति २०७७।०२।२१ को 'सुरक्षा व्यवस्था सम्बन्धमा' पत्रबाट निर्देशन भए अनुसार यस विरुद्ध कुनै क्रियाकलाप भएमा कोभिड-१९ को नियन्त्रण र प्रतिकार्यमा खटिएका सबै राष्ट्रसेवकहरुको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन प्रचलित कानून बमोजिम जनस्वास्थ्यको रक्षाका लागि कारवाही गरी शान्ति व्यवस्था वनाइ राखिनेसमेत जानकारी गराइन्छ । जिल्ला प्रशासन कार्यालय भक्तपुर / संकट व्यवस्थापन केन्द्र भक्तपुर

# देश भित्रकै अन्य क्षेत्रबाट ढुवानी भएका कृषि तथा पशुपन्छीजन्य उत्पादन रोक्न नपाइने

गृह मन्त्रालयको मिति २०७७।०२।२१ को परिपत्र अनुसार कृषिजन्य वस्तुहरुको उत्पादन र ढुवानीको कार्यहरु सुचारु गर्न थप सहजीकरण गरिने र यस्तो काममा अवरोध गर्ने वा अवाञ्छित कार्यमा संलग्न जो कसैलाई प्रचलित कानून वमोजिम कारवाही गरिने भएको छ ।

कोभिड १९ को रोकथाम र नियन्त्रणको सिलसिलामा जारी बन्दाबन्दीको कारणले कृषिजन्य वस्तुहरुको उत्पादन एवं ढुवानीको कार्यहरु सुचारु हुन नसकेको अवस्था रहेको छ । यस्तो अवस्थामा स्थानीय तहहरुले देश भित्रकै अन्य क्षेत्रबाट ढुवानी भएका कृषि तथा पशुपन्छीजन्य उत्पादन आफ्नो क्षेत्रमा प्रवेश गर्न नदिने एवं ढुवानी भएका सामग्रीहरु जफत गरी नष्ट गरिदिने जस्ता कार्यहरु भएको भन्ने विषयमा गृह मन्त्रालयले चासो देखाएको हो ।

मन्त्रालयको परिपत्र अनुसार त्यस प्रकारका अवाञ्छनीय क्रियाकलापले कृषकहरुको उपज खेर जाने मात्र नभै उनीहरुको मनीबल खस्कने, उत्पादन घट्ने र आधारभूत खाद्यवस्तुको आपूर्ति श्रृंखला अवरुद्ध हुन गै खाद्य संकटकोसमेत अवस्था सृजना हुन सक्ने भएकोले त्यस्ता कामहरु निरुत्साहित गर्न र नमान्नेलाई कारवाही गर्न लेखि आएको छ ।

यसै अनुसार जिल्ला प्रशासन कार्यालय भक्तपुरलेसमेत यस्ता कार्यहरु कहिंकतैबाट हुन नदिन र कृषकका उत्पादन सहज रुपमा ढुवानी र विक्री वितरणको व्यवस्थाका लागि कृषिजन्य वस्तुहरुको उत्पादन र ढुवानीको कार्यहरु सुचारु गर्न सबैमा अनुरोध गरेको छ । यस कार्यमा कुनै समस्या भएमा कार्यालयबाट सहजीकरण हुनेसमेत जानकारी गराएको छ । साथै त्यस्तो अवाञ्छित कार्यमा कोही संलग्न भए संलग्न जो कसैलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेसमेत जानकारी गराइएको छ ।

# काठमाडौं उपत्यकामा सवारी साधनको प्रवेश बढ्यो

## पास वाहक र अत्यावश्यक सवारी मात्र प्रवेश गर्दै

यस हप्ता भक्तपुरस्थित जगाती चेकपोष्ट हुँदै उपत्यका भित्रने सवारी साधन दैनिक १२०० को औषत संख्यामा देखिएको छ ।

सवारी साधन सँगै उपत्यका प्रवेश गर्ने व्यक्तिको संख्यासमेत बढेको छ ।

जेठ ९सम्ममा दैनिक औषत ४८८ सवारी भित्रने गरेकोमा जेठ १६सम्मको अर्को हप्तामा औषत ९४९ सवारी भित्रिएको देखिएको थियो । यस हप्तामा यो संख्या १२०० पाइएको हो ।

मिति २०७७/०२/१९ गते बिहान ६ वजे देखि मिति २०७७/०२/२५ गते बिहान ६ वजेसम्म जगाती नाका भएर उपत्यका भित्रिएका कुल सवारी साधनको संख्या ८३९७ रहेको छ ।

उपत्यका बाहिरका जिल्लाहरुबाट गृह मन्त्रालयको सहमतिका आधारमा मात्र उपत्यका प्रवेश गर्ने पास जारी हुने गरेको र सोही आधारमा मात्र जगातीबाट प्रवेश गर्न दिइने गरिएको छ ।

यद्यपी बिरामी लिइ आउने एम्बुलेन्स र अत्यावश्यक सामग्री बोकेका सवारी साधनलाई भने पास विना नै प्रवेश गर्न दिइने गरिएको छ ।

पूर्वबाट उपत्यका प्रवेश गर्ने प्रमुख नाका भक्तपुरको जगाती र साँगास्थित चेकपोष्टमा कडाइका साथ व्यवस्थापन गरिएको छ ।

| सवारी साधन | संख्या |
|---|---|
| एम्बुलेन्स | 202 |
| साना सवारी | 1844 |
| ट्रक | 947 |
| ट्याङ्कर | 61 |
| बस | 18 |
| मोटरसाईकल | 224 |
| सरकारी | 37 |
| टिपर | 5064 |
| जम्मा | 8397 |

*सामाजिक दूरी कायम गरौं, कोरोनाबाट सुरक्षित रहौं*

*खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।*

### देश भित्रकै अन्य क्षेत्रबाट ढुवानी भएका कृषि तथा पशुपन्छीजन्य उत्पादन रोक्न नपाइनेसम्बन्धी जरुरी सूचना

गृह मन्त्रालयको च.न. ४०४३ मिति २०७७।२।२१ को पत्रबाट निर्देशन प्राप्त भए अनुसार कोभिड १९ को रोकथाम र नियन्त्रणको सिलसिलामा जारी बन्दाबन्दीको अवस्थामा देश भित्रकै अन्य क्षेत्रबाट ढुवानी भएका कृषि तथा पशुपन्छीजन्य उत्पादन आफ्नो क्षेत्रमा प्रवेश गर्न नदिने एवं ढुवानी भएका सामग्रीहरु जफत गरी नष्ट गरिदिने जस्ता कार्यहरु हुँदा कृषकहरुको उपज खेर जाने र उनीहरुको मनोबल खस्कने, उत्पादन घट्ने र आधारभूत खाद्यवस्तुको आपूर्ति श्रृंखला अबरुद्ध हुन गै खाद्य संकटकोसमेत अवस्था सृजना हुन सक्ने भएकोले त्यस्ता कामहरु कहिंकतैबाट नगरी कृषकका उत्पादन सहज रुपमा ढुवानी र विक्री वितरण कार्यमा सहयोग पुर्याउनुहुन सबैमा हार्दिक अनुरोध छ ।

यस कार्यमा कुनै समस्या भएमा जिल्ला प्रशासन कार्यालयबाट आवश्यक सहजीकरण गरिने साथै त्यस्तो अवाञ्छित कार्यमा कोही संलग्न भए संलग्न जो कसैलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेसमेत जानकारी गराइएको छ ।

जिल्ला प्रशासन कार्यालय भक्तपुर
संकट व्यवस्थापन केन्द्र भक्तपुर

# भक्तपुरमा थप एक जनामा कोरोना संक्रमण पुष्टी

## चार जना निको भई घर फर्किएको एक जना उपचाररत

मंगलवार १ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै भक्तपुरमा संक्रमितको जम्मा संख्या ५ भएको छ । यद्यपी ४ जना भने संक्रमण मुक्त भई घर फर्किसक्नु भएको छ ।

जिल्लामा जेठ १७ गतेसम्ममा चार जनामा कोरोना संक्रमण देखिएकोमा सबैजना भाइरस मुक्त भई फिर्ता भएसँगै भक्तपुरमा कोरोनाको कुनै पनि केस बाँकी रहेको थिएन । तर मंगलवार थप १ कोरोना संक्रमित भेटिएको छ ।

काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल दुवाकोटमा प्रसुतीका लागि पुगेकी चाँगुनारायण झौखेलका ३० वर्षिया महिलामा संक्रमण पुष्टि भएको छ। उहाँको हाल स्वास्थ्यस्थिति सामान्य रहेको छ ।

उहाँसँग सम्पर्कमा आएकाहरुको कन्ट्याक्ट ट्रेसिङ र खोजी कार्य जारी रहेको छ ।

भक्तपुर जिल्लामा बैशाख ३० गते दुई जना, जेठ ६ गते एक जना, जेठ ९ गते एक जनामा संक्रमण पुष्टि भएको थियो । पहिलो र दोश्रो संक्रमित क्रमश दुवाकोटका पुरुष र थिमिका महिला रहनुभएको थियो भने तेस्रो र चौथो संक्रमित क्रमशः काठमाडौं महानगरपालिकाको सफाइ सवारी चालक भक्तपुर ५ का ४२ वर्षीय पुरुष र भक्तपुर नगरपालिकाका जनप्रतिनिधि ४२ वर्षीया महिला रहनुभएको थियो । उहाँहरु सशस्त्र प्रहरी अस्पताल र पाटन अस्पतालबाट उपचार पश्चात डिस्चार्ज भई घर फर्कनु भएको थियो ।

समुदायमा संक्रमण विस्तार नभएको देखिएतापनि कन्ट्याक ट्रेसिङ भने जारी रहेको छ ।

### नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी कार्ययोजना, २०७७ तत्परताका साथ कार्यान्वयन गर्नेसम्बन्धी सूचना

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को बैठकबाट स्वीकृत भएको "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७" को कार्यान्वयनको लागि तयार पारिएको "नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी कार्ययोजना, २०७७" तत्काल कार्यान्वयनका लागि गृह मन्त्रालयको मिति २०७७।०२।१८ को पत्रसाथ प्राप्त भएको छ।

कार्यान्वयन सहजीकरण समन्वय र सहयोग गर्ने जिल्लास्थित निकायहरुलाई कार्ययोजना पठाइसकिएको छ, प्राप्त नभएको भए जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सम्पर्क राखी प्राप्त गर्नहुन र कार्ययोजना अनुसार आआफ्नो जिम्मेवारी तोकिएका कामहरु तत्परताका साथ गर्नका लागि जिल्लास्थित सबै निकायहरुमा हार्दिक अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय भक्तपुर**
**संकट व्यवस्थापन केन्द्र भक्तपुर**

### भक्तपुर जिल्लास्थित सरकारी सार्वजनिक कार्यालयहरुलाई जरुरी सूचना

हालको विषम परिस्थितिमा कार्यालय प्रमुखहरुसँग नियमितरुपमा बैठक हुन नसकेको अवस्था र एक तिहाइ कर्मचारीबाट अत्यावश्यक सेवा संचालन गर्ने सरकारको निर्णयसमेत भएको परिप्रेक्ष्यमा जिल्लास्थित सरकारी सार्वजनिक कार्यालयहरुको स्थिति अद्यावधिक राख्नका लागि आवश्यक भएको छ।

त्यसैले तहाँ कार्यालय संचालन भए नभएको, कार्यालय व्यवस्थापन कसरी गरिएको र यस अवधिमा सम्पादन गरेका कामहरुसमेत खुलाई इमेल ठेगाना daobhaktapur@gmail.com मा पठाउनहुन अनुरोध छ। यो सूचना SMSमार्फतसमेत पठाइएको छ। - **जिल्ला प्रशासन कार्यालय भक्तपुर**

## मनसुन पूर्वतयारीका लागि अनुरोध



वर्षायामको मौसम सुरु भइसकेको अवस्थामा मनसुनका कारण हुन सक्ने बाढी, पहिरो एवं डुवान जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्नुपर्ने अवस्था आइसकेको छ । विश्वव्यापीरुपमा रहेको कोरोना भाइरसबाट सृजित संकटको यस घडीमा प्राथमिकताका साथ मनसुन पुर्वतयारीमासमेत लाग्न देहाय वमोजिमका कार्यहरु गर्न गराउन सबैमा हार्दिक अनुरोध छ ।

१. भक्तपुर जिल्लास्थित सबै सरकारी निकाय एव संघ संस्थाहरुले आफूसँग रहेका खोज, उद्दार र राहतका उपकरण तथा सामग्रीको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।
२. जिल्लास्थित सबै स्थानीय तहहरुले अनिवार्यरुपमा विपद् पूर्वतयारी एवं प्रतिकार्य योजना बनाउने र सोअनुसार कार्यान्वयन गर्नु हुन ।
३. स्थानीयस्तरमा विपद् व्यवस्थापन समिति गठन नभएको भए अविलम्ब गठन गर्नु हुन।
४. स्थानीय विपद् व्यवस्थापन कोष नबनाएको भए कोष स्थापना गर्नुहुन र कोषको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।
५. जिल्लास्थित सुरक्षा निकाय, स्थानीय रेडक्रसलगायत संघ, संस्थासँग रहेका खोज उद्दार तथा राहतसम्बन्धी सामग्रीहरुको विवरण अविलम्ब उपलब्ध गराइदिन हुन ।

## सवारी साधन अनुमतिपत्रसम्बन्धी कार्यविधि २०७६अनुसार

### आवागमन गर्दा अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधन तथा व्यक्तिहरु

१. एम्बुलेन्स, शव बाहन, दमकल ।
२. झण्डावाल सवारी ।
३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु
४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरु ।
५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधि उत्पादन ढुवानी र बिक्री बितरणमा संलग्न हुने जनशक्तिहरु ।
६. खानेपानीको मर्मत सम्भार र बितरणमा संलग्न जनशक्ति
७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति।
८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।
९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालवाहक सवारी साधनहरु।

## एम्बुलेन्सको दुरुपयोग नगर्ने बारेको सूचना

**काठमाडौँ उपत्यकाको प्रवेशमा केही कडाई गरिएको मौकामा एम्बुलेन्सको दुरुपयोग गरी विना काम यात्रुहरुको आवागमन हुन गरेको सूचनाहरु प्राप्त भएकोले बिरामी र कुरुवाबाहेक अन्य यात्रु आवागमन नगर्नुहुन अनुरोध छ ।**

**चेकप्वाइन्टहरुमा एम्बुलेन्सकोसमेत चेकजाँच गरिने र त्यस्तो भए गरेको पाइए कानून वमोजिम कारवाही हुनेसमेत जानकारी गराइन्छ ।**

# जिल्ला प्रशासनबाट अत्यावश्यक अवस्थामा मात्र सवारी पास दिइने

## नियामक निकायबाटै पास जारी हुने

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई थप प्रभावकारी बनाउने सम्बन्धमा गृह मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त निर्देशन तथा CMC, Bhaktapur को मिति २०७७।०२।०२ गतेको बैठकको निर्णयबमोजिम मिति २०७७/०२/०४ मा सूचना प्रकाशन गरी भक्तपुर जिल्लामा सवारी पास व्यवस्थापन गरिएको छ ।

**सवारी पास विना परिवहन हुने**

१. सबै प्रकारका खाद्य वस्तु ढुवानी गर्ने सवारिका साधन, स्वास्थ्यसँग सम्बन्धित सबै प्रकारका सामग्री ढुवानी गर्ने सवारीका साधन, औधोगिक कच्चा पदार्थ र तयारी मालवस्तु ढुवानीका साधनहरू, कृषि तथा पशुजन्य उत्पादनसँग सम्बन्धित सबै प्रकारका ढुवानीका साधनहरू, एम्बुलेन्स, शव वाहन, र ग्याँसलगायत पेट्रोलियम पदार्थ ढुवानीका साधनहरूको हकमा सवारी पास विना परिवहन हुने । तर सवारी साधन प्रयोगकर्तासँग अनिवार्यरुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ । उद्देश्य विपरीत सवारी साधन संचालन भएको पाइएमा सवारी अनुमति पत्र रद्द गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

**सुरक्षाकर्मीहरूले आवश्यक सहयोग पुर्याउने**

२. अकस्मात आईपर्ने बिरामी, डायलासिस गर्नु पर्ने मृगौलाका बिरामी/किमोथेरापी दिनु पर्ने क्यान्सरको बिरामी, दीर्घ रोगीलगायतका अन्य बिरामीलाई अस्पतालसम्म आवत जावत गर्नका लागि र औषधी खरिद सम्बन्धमा नजिकको प्रहरी ईकाइ/१०० नं मा फोन गरी समन्वय गर्नु हुन । कागजपत्र र अवस्था हेरेर सुरक्षाकर्मीहरूले आवश्यक सहयोग पुर्याउने छन् ।

**पास जारी गर्ने**

३. सवारी पास आवश्यक पर्ने व्यक्ति तथा संस्थाहरूले आ-आफ्नो नियामक निकायहरूमा सम्पर्क गर्नु हुन (जस्तैः सञ्चारकर्मीहरू तथा मिडिया हाउसहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) नियामक निकाय नतोकिएकाको हकमा अत्यावश्यक कार्यको लागि(उपत्यका भित्र/बाहिरका जिल्लाको लागि) गृह मन्त्रालयको स्वीकृति लिए पछि मात्र यस कार्यालयबाट सवारी पास जारी गरिनेछ । नियामक निकाय तोकिएको हकमा निम्न वमोजिम हुनेछ ।

४. यस कार्यालयबाट यस अघि विभिन्न मितिमा जारी गरिएका सम्पूर्ण सवारी पासहरू (E-pass र पहेलो रङकोसमेत) खारेज गरिएको छ । अब उप्रान्त E-pass आवेदन लिईने छैन । आजदेखि यस कार्यालयबाट जारी हुने सवारी पास निलो रङको हुनेछ ।

५. निर्माण सामग्री बोकेका गह्रौं (Heavy) सवारी साधनहरू बेलुकी ८.०० बजेदेखि बिहान ६.०० बजे भित्र मात्र सञ्चालन गर्ने ।

### पास जारी तथा सहजीकरण गर्ने निकाय

| सेवा क्षेत्र र निकायहरू | पास जारी गर्ने /सहजीकरण गर्ने | मापदण्ड |
|---|---|---|
| नेपाल सरकारका मन्त्रालयहरू ,संघीय संसद ,सर्वोच्च अदालत तथा संवैधानिक निकायहरु | सम्बन्धित निकायको सचिव | • कर्मचारी परिचयपत्र साथमा हुनुपर्ने ।<br>• न्यूनतम कर्मचारीहरूलाई आलोपालो मिलाई वढीमा एक तिहाइ कर्मचारी एक चौथाइ सवारी साधनहरु प्रयोग गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने । |
| अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय | सम्बन्धित मन्त्रालयको सचिव | |
| बैंक, वित्तियसंस्थाका कर्मचारी | नेपाल राष्ट्र बैंक | |
| सहकारी संस्थाका कर्मचारी | सहकारी विभाग | |
| व्यापार तथा बाणिज्यसँग सम्बन्धित कार्य | बाणिज्य ,आपूर्ति तथा उं विभाग | • सम्बन्धित उद्योग वा संस्थाको आधिकारीक पत्र र परिचयपत्र |
| औधोगिक उत्पादनसम्बन्धी कार्यमा संलग्न निकायहरू | उद्योग विभाग | |
| जलविद्युत तथा राष्ट्रिय गौरवका आयोजनाहरु | सम्बन्धित मन्त्रालयका सचिव | • पुस्तक पसलको हकमा पसलसम्बन्धी कागजात र परिचयपत्र |
| निर्माण सामग्रीको व्यापार व्यवसायका लागि | बाणिज्य,आपूर्ती तथा उ विभाग | |
| हवाइ सेवा प्रदायक कम्पनीहरु | संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालय | • स्थानीय तहले आयोजना अनुगमन गर्न जारी गर्ने पास सम्बन्धित स्थानीय तह भित्र मात्र लागु हुने । |
| पाठ्यपुस्तक पसल र ढुवानी | जनक शिक्षा सामग्री केन्द्र | |
| स्थानीयस्तरमा विकास आयोजना अनुगमन गर्ने | सम्बन्धित स्थानीय तह | |

# मिति २०७७।०२।२०सम्मको अवधि तोकिएका अत्यावश्यक कार्यको लागि जारी गरिएका सवारी पासहरू लकडाउन अबधिभर मान्य हुनेसम्बन्धी सूचना

**प्रकाशित मिति:- २०७७/०२/२१**

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई थप प्रभावकारी बनाउने सम्बन्धमा गृह मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम मिति २०७७।०२।०४ गतेबाट नीलो रङ्गको सवारी पास जारी गरिँदै आएकोमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।०२।१७ को निर्णयबमोजिम लकडाउनको अवधि थप भएकोले यस कार्यालयबाट जारी गरिएका सवारी पासहरूको हकमा देहाय बमोजिम व्यवस्था गरिएको ब्यहोरा अनुरोध छ ।

१. मिति २०७७।०२।०२ गतेदेखि २०७७।०२।१९ गतेसम्म जारी गरिएका काठमाडौं उपत्यका भित्रको लागि मिति २०७७।०२।२०सम्मको अवधि तोकिएका अत्यावश्यक कार्यको लागि जारी गरिएका सवारी पासहरू लकडाउन अबधिभर मान्य हुने भएकोले नवीकरण गरिरहनु नपर्ने ।

२. माथि उल्लिखित अवधिमा अत्यावश्यक सेवामा खटिनु हुने महानुभावहरूको लागि जारी भएका ७ दिन भन्दा बढी अबधिका सहित मिति २०७७।०२।२०सम्मका लागि जारी सवारी पासहरूसमेत लकडाउन अबधिभर मान्य हुने ।

(दुर्गादत्त ढकाल)
स.प्र.जि.अ.
जिल्ला प्रशासन कार्यालय भक्तपुर

# एम्बुलेन्स चालक र सहयोगीलाई स्वास्थ्य सुरक्षासम्बन्धी अभिमुखीकरण

जिल्लामा रहेका २३ वटा एम्बुलेन्सका ३१ जना एम्बुलेन्स चालकलाई सुरक्षित रहेर सेवा दिनेबारे प्रशिक्षण गरिएको छ ।

जेठ २१ गते भएको कार्यक्रमको संयोजन भक्तपुर जिल्ला एम्बुलेन्स संघ तथा आरएनए १६ ले गरेको थियो ।

अभिमुखिकरण कार्यक्रममा नेपाली सेनाको वीरदल गणका प्रमुख सेनानी शिवप्रसाद पौडेल, महानगरीय प्रहरी परिसर, भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधान, भक्तपुर अस्पतालका सुनिता न्यौपानेलगायतले कोभिड १९ बाट सुरक्षित रहेर सेवा प्रवाह गर्न अपनाउनुपर्ने आवश्यक स्वास्थ्य सतर्कता बारे अभिमुखिकरण प्रदान गर्नु भएको थियो ।

## एम्बुलेन्सहरुको सम्पर्क नम्वर

| चालकको नाम थर | फोन नं. | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|
| **कोरोना विशेष** | | |
| राजन बासुकला/पुण्य खत्री | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सूर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | 9851241809 | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |
| **भक्तपुर नगरपालिका** | | |
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपुर |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डा. ईवामुरा अस्पताल |
| रमेश कुस्मा/रकि दुवाल | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |
| **मध्यपुर थिमी नगरपालिका** | | |
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |
| **सूर्यविनायक नगरपालिका** | | |
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकास केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकास पुर्वाधार केन्द्र |
| **चाँगुनारायण नगरपालिका** | | |
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस सोसाईटी नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव केसी | 9849424813 | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुट्ट | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

## संकटको समयमा सम्पर्क गर्न सकिने नम्वरहरु

### समन्वय र सुरक्षा

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. हुमकला पाण्डे | ६६१४४३७ | ९८५१२१७७७७ |
| जिल्ला प्रशासन कार्यालय | स.प्र.जि.अ.दुर्गादत्त ढकाल | ६६१५५९५ | 9851143385 |
| विरदल गण सूर्यविनायक व्यारेक | गणपति शिबप्रसाद पौडेल | ५०९२२७५ | 9851159188 |
| महानगरिय प्रहरी परिसर भक्तपुर | प्र.उ. सबिन प्रधान | ६६१७१३१ | ९८५१२१५५५५ |
| सशस्त्र प्रहरी बल गणनं.२२ | स.प्र.उ. विश्व कुमार भट्टराई | 5144510 | ९८५१२७२०३४ |
| रा. अनुसन्धान जिल्ला कार्यालय | उ.अ.नि. सुरेन्द्र कोइराला | ६६१८७७७ | 9851174546 |

### अस्पताल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर अस्पताल | मे.सु. डा.सुमित्रा गौतम | ६६१४४३० | ९८५८०२३०४७ |
| स्वास्थ्य कार्यालय भक्तपुर | का.प्र. कृष्णबहादुर मिजार | ६६१६०१० | 9841884419 |
| शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र | का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ | ६६१४७०९ | ९८५१११५१३६ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आ.चिकित्सक नदन कँडेल | ६६१२०८८ | 9851185728 |

### स्थानीय तह

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय | जि.स.अ.जगन्नाथ लामिछाने | ६६१४८२६ | 9851276222 |
| भक्तपुर नगरपालिकाको कार्यालय | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल | ६६१००७६ | 9841407373 |
| मध्पुरथिमी नगरपालिका कार्यालय | प्र.प्र.अ.विश्वराज मरासिनी | ६६३१४०५ | 9851190542 |
| चाँगुनारायण नगरपालिका कार्यालय | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना | 6616611 | ९८५११७७९५५ |
| सूर्यविनायक नगरपालिका कार्यालय | प्र.प्र.अ.कमल ज्ञवाली | ६६१२४४३ | 9851277111 |

### दमकल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जुद्ध वारुण यन्त्र कार्यालय | का.प्र. राजनप्रसाद दाहाल | ६६१२३८२ | ९८५११५०९१३ |

### औषधि

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| नेपाल औषधी व्यवसायी संघ | महासचिव विनोद प्र. सापकोटा | 6632107 | 9841288675 |

### बिद्युत तथा टेलिफोन

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| का.उ.खानेपानी लिमिटेड दुधपाटी | शा.प्रमुख सुरेन्द्र हिमालय | ६६१०२३५ | ९८४९१८८२९१ |
| नेपाल टेलिकम भक्तपुर | का.प्र. दिनेशहर्ष बज्राचार्य | ६६१०००० | 9851105570 |
| नेपाल टेलिकम ठिमी | का.प्र. सुरेन्द्र शाह | ६६३३६०० | 9851022176 |
| नेपाल विद्युत प्राधिकरण भक्तपुर | का.प्र. राजकुमार रमण | ६६११०९८ | 9851273714 |
| नेपाल विद्युत प्राधिकरण ठिमी | शाखा प्रबन्धक सुबोध शर्मा | ६६३५३२८ | 9851273715 |

### खाद्यबस्तु आपूर्ती

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर उद्योग बाणिज्य संघ | का. अ. राजुमान बज्राचार्य | 6614851 | 9841285577 |
| घरेलु तथा साना उद्योग कार्यालय | उ.अ.सुबोध कुमार साह | ५०९२६९६ | ९८५११८५८९२ |

### जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४११११७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.रामप्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायणप्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्रप्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्गखेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

# बन्दाबन्दीको अवधि जेठ ३२सम्म थप

## मोडालिटीको बारेमा छिट्टै थप हेरफेरसहित सुधार ल्याइने

गृह मन्त्रालयको मिति २०७७।०२।१८ को पत्रसाथ प्राप्त निर्णयानुसार नेपाल सरकारले विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमण फैलिने सम्भावना देखिएकोले जारी गरेको आदेश हाललाई मिति २०७७ जेठ ३२ गते आइतबार (तदनुसार २०२० जुन १४) मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिएको छ । आदेशअनुसारको बन्दाबन्दीको मोडालिटीको बारेमा छिट्टै थप हेरफेरसहित सुधार ल्याउनेसमेत निर्णय गरेको छ ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रइरुलगायत अन्य मित्रराष्ट्रहरुले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्द र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन हाललाई मिति २०७७ असार १६ गते मङ्गलबार (तदनुसार २०२० जुन ३०) मध्यरातसम्मका लागि यात्रुहरुको आवागमन स्थगित गर्ने तर, मालसामानको ढुवानीलाई यथावत कायम राख्ने । सबै किसिमका आन्तरिक र बाह्य व्यावसायिक यात्रुबाहक हवाई उडानहरू उक्त अवधिसम्म स्थगन गर्ने ।

सीमा स्थगनको आदेशको कार्यान्वयनमा देखिएको खुकुलोपनलाई क्रमशः कडाई गर्दै जाने । यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरूलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही गर्नेसमेत निर्णय भएको छ ।

कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रणका लागि जनताको जीवन रक्षाका सरकारले जारी गरेको आदेशको पालना गरी साथ दिनुभएकोमा नेपाल सरकारले सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गरेको छ । साथै पूर्ववत जस्तै आदेशको पालना गर्न अपिलसमेत गरेको छ।

### विशेष अनुरोध तथा सूचना

**वर्तमान कठीन समयमा विभिन्न व्यक्तिहरुबाट स्वास्थ्य सुरक्षा सतर्कताको नाममा देहायका अवाञ्छित क्रियाकलापहरु भएका भन्ने पाइएकोले यसो नगर्न नगराउनहुन अनुरोध छ । यस्तो कार्य भएको पाइएमा नियन्त्रणमा लिई कानून कारवाही गर्ने ब्यहोरा जानकारी गराइन्छ ।**

- **स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई घरबाट निकाल्न खोज्ने,**
- **गैरकानूनी चेकजाँच गर्ने,**
- **आवागमनमा अवरोध गर्ने,**
- **दुर्व्यवहार गर्ने,**
- **कानून विपरीतका कार्यहरु गरी मनोबल गिराउन खोज्ने,**
- **टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु ।**

**कोरोनाबाट जोगिन र जोगाउनका सौहार्दपूर्ण सम्बन्ध निर्माण गरौं**

### भारतीय मजदुरहरू घर फिर्ता

भक्तपुर जिल्लास्थित विभिन्न उद्योगका भारतीय मजदुरहरुलाई घर फिर्ता पठाइएको छ।

जिल्लाका ईँटा उद्योग, फर्निचर उद्योग तथा सुनचाँदी गहना उद्योगमा रहेका भारतीय मजदुरहरुलाई नेपाल भारत सिमा नाकाका विरगंज, नेपालगंज र विराटनगर नाकावाट जाने गरी सवारी पास दिई पठाइएको छ ।

लकडाउनको अवस्थामा उद्योगहरु संचालन नभई ठूलो संख्यामा बेरोजगार मजदुरहरु रहँदा अन्य समस्या सिर्जना हुन सक्ने अवस्थासमेतलाई मध्यनजर गरी निजहरुलाई आफ्नो देश फिर्ता गरिएको हो ।

गृह मन्त्रालय, भारतीय दुतावास र सम्बन्धित सिमा क्षेत्रको जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरिएको छ । जिल्ला सुरक्षा समिति भक्तपुरको मिति २०७७।०२।१४ को निर्णयानुसार सवारी साधन तथा यात्रीहरूको स्वास्थ्य सुरक्षाको उचित प्रबन्ध गर्ने गरी र फर्कदा चालक र सहचालक मात्र फर्कने गरी हालसम्ममा ११० वटा गाडिलाई सवारी अनुमति दिई पठाइएको हो ।

### सुरक्षाकर्मीका लागि पानी र कोक प्राप्त

बोटलर्स नेपाल (कोकाकोला) ले भक्तपुर जिल्लामा कोभिड-१९ महामारीको रोकथाम र नियन्त्रणको काममा अग्रभागमा काम गरिरहेका सुरक्षाकर्मीहरुका लागि निशुल्क ५०० केश बोटल पानी र ४०० केश कोकाकोला प्रदान गरेको छ । जिल्ला प्रशासन कार्यालयमार्फत उक्त परिमाणमा सामग्री उपलब्ध गराएकोमा सिएमसीले कम्पनीको सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गरेको छ।

## वन स्रोतको दुरुपयोग रोक्नेसम्बन्धी अत्यन्त जरुरी सूचना

**देश बन्दावन्दीमा रहेको समयमा वनजंगल संरक्षण गरी राख्नु सबैको कर्तव्य भएको हुँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१८ गतेको निर्णयानुसार वन स्रोतको संरक्षण गर्नका लागि जिल्लावासीहरु सबैमा हार्दिक अनुरोध छ ।**

**भक्तपुर जिल्लाका विभिन्न वन क्षेत्रमा साललगायतका विभिन्न रुखहरु कटान, संकलन, ढुवानी तथा ओसारपसार गर्ने कार्यलगायत वन स्रोतको दुरुपयोग हुने काम नगर्न नगराउनहुन अनुरोध छ । कुनै स्थानमा साललगायतका विभिन्न रुखहरु कटान गर्ने, संकलन, ढुवानी र ओसारपसार गर्ने कार्य तत्कालै रोक्ने र कटान भएका साललगायत रुख काठ र गोलिया जहाँ जुनजस्तो अवस्थामा छन् त्यसलाई सोही अवस्थामा सुरक्षित राख्नुहुनसमेत जानकारी गराइएको छ । यस सूचनाको वर्खिलाप हुने गरी कुनै गतिविधि भएको पाइएमा कानून वमोजिम कडा कारवाही गरिनेसमेत जानकारी गराइन्छ ।**

**बन स्रोतको दुरुपयोग भएको सम्बन्धमा कसैसँग कुनै सूचना भएमा तुरुन्त नजिकैको प्रहरी इकाइ वा जिल्ला प्रशासन कार्यालयमा खवर गरिदिनहुनसमेत अनुरोध छ ।**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# लकडाउनको अवधिमा भक्तपुरका सरकारी कार्यालयको स्थिति

## प्रवाह भइरहेका सेवा र सम्पादीत काम

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमण (कोभिड- १९) को रोकथाम, नियन्त्रण र आवश्यक व्यवस्थापनको लागि नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउन र लकडाउनमा अत्यावश्यक सेवा बाहेकका अन्य कार्यालयहरु बन्द गर्ने नेपाल सरकारको निर्णय गरेको थियो ।यसपछि विभिन्न मितिको निर्णयानुसार अत्यावश्यक सेवा प्रदान गर्न एक तिहाई कर्मचारीहरु उपस्थित भई सरकारी कार्यालयबाट सेवा प्रदान गर्ने निर्णय अनुसार भक्तपुर जिल्लामा रहेका सरकारी कार्यालयहरुको सेवा प्रवाहको स्थिति प्रस्तुत गरिएको छ ।

### जिल्ला प्रशासन कार्यालय भक्तपुर

सरकारबाट जारी लकडाउनको आदेशलाई कार्यान्वयन गर्न गराउन जिल्लास्थित सुरक्षा निकाय तथा अन्य निकायहरुसँग समन्वय र परिचालन गर्नेलगायत देहायका कामहरु भएको छ ।

- सरकारबाट लागू गरिएको लकडाउनको निर्णयानुसार जिल्लामा लकडाउनको आदेश जारी गरी कार्यान्वयन गरिएको, गृह मन्त्रालयबाट प्राप्त निर्देशन एवं परिपत्र अनुसार कार्यान्वनयका कामहरु भै रहेको ।
- जिल्ला सुरक्षा समिति, जिल्ला विपद व्यवस्थापन समिति, जिल्लास्तरीय संकट व्यवस्थापन समितिको वैठक व्यवस्थापन तथा भएका निर्णयहरु कार्यान्वयन गर्नेसम्बन्धी काम गरेको
- अत्यावश्यक प्रयोजनका लागि विभिन्न व्यक्ति, कार्यालय तथा निकायका लागि सवारी पास जारी गर्ने गरेको
- बजार अनुगमन र खाद्यान्न आपूर्ती सुनिश्चिततासम्बन्धी काम गरेको
- संकट व्यवस्थापन केन्द्र भक्तपुर तथा कमाण्डपोष्टको सचिवालयको काम गरेको
- कोभिड प्रतिकार्यका गतिविधि, सूचना र जानकारी समेटि जिल्लास्तरीय बुलेटिन प्रकाशनको सुरुवात गरी हालसम्म ९ औ अंक प्रकाशन गरिएको ।
- नियमितरुपमा कार्यालयको वेभसाइट daobhaktapur.gov.np फेसबुक /daobhaktapur ट्विटर/dao-bhaktapur मा सूचना जानकारी अद्यावधिक गर्ने गरिएको
- कृषि कार्य तथा विकास निर्माणका कामहरुको सूचारु संचालनका लागि आवश्यक सहजीकरण गर्ने गरिएको ।
- नियमित रुपमा कोभिड १९ नियन्त्रण र रोकथामका लागि जिल्लाका प्रगति तथा सूचना र जानकारीहरु गृह मन्त्रालय, CCMC, HEOCलगायतमा प्रतिवेदन गर्ने गरिएको ।
- कार्यालय संचालनका लागि अत्यावश्यक सेवा प्रवाह गर्ने कर्मचारी नियमित र अन्य कर्मचारी पालो मिलाई आउने व्यवस्था मिलाइएको ।
- लकडाउनको अवधिमा जिल्लास्थित सरकारी कार्यालयहरुसँग समन्वय र सम्पर्क गर्ने गरिएको ।
- लकडाउनको अवधिमा नागरिकता, नावालक परिचयपत्र, राहदानी, संघसस्था दर्ता नविकरणलगायतका सेवाहरु बन्द रहेका छन् ।

सम्पर्कः- सहायक प्र.जि.अ. दुर्गादत्त ढकाल, ९८५११४३३८५

### नेपाल टेलिकम दूरसञ्चार कार्यालय भक्तपुर

वर्षातको समयमा विभिन्न ठाउंहरुको पोल ढल्ने, केवुलमा क्षति पुग्ने भईरहेको छ । कार्यालयको कार्यक्षेत्र करिव १५ कि.मि.सम्म फैलिएको, बाटोघाटो पनि पुर्ण सहज नभएको अवस्थामा कार्यालयका वढीमा ३३ प्रतिशत कर्मचारीलाई मात्रै कार्यमा समावेश गर्न पाउने हद का विच कार्यालयको कार्य संचालन सामान्य नै रहेको ।

सम्पादित कामहरु

- प्रत्येक सोमबार, बुधबार र शुक्रवार Cash Counter लाई खुल्ला गरिएको छ।
- ADSL Support को लागि Desk सुचारु राखिएको छ । गुण्डुको Optical Fiber Damage भएकोले ONU/BTS Optical Fiber मर्मत गरेको ।
- व्यासी, भक्तपुर न.पा.एरियाको चुडेको केवुल फेरेको, कमलविनायक र सल्लाघारीको केवुल NEA को केवुलमा Short भई जलेकोले फेरेको।
- सुर्यविनायक सडक विस्तार हुंदा आंशिक केवुलहरु फेरेको । सो कार्य अहिले NEA को कारण अवरुद्ध रहेको, दुवाकोटको Faulty केवुललाई Replace गरेको।
- खरिपाटी ONU को Fiber चुंडेकोले मर्मत गरेको, चरेलीमा LIghtening भई केवुलहरु डढेकोले फेरेको, दुवाकोटमा FTTH जडान गर्ने कार्य शुरु भईसकेकोमा लकडाउनले जटिलता आई हाल अवरुद्ध रहेको। FTTH मर्मत तथा जडानको कार्य यथावत भैरहेको

### व्यवसायिक ग्रेनेज केन्द्र चित्तपोल भक्तपुर

कार्यालयमा १६ जना दरबन्दी मध्ये ५ स्थायी र ६ जना कार्यालय सहयोगी करारमा कार्यरत रहेको । करारका कर्मचारीहरु स्थानीय भएकोले नियमित रुपमा कार्यालयमा उपस्थित भइ रहेका । स्थायी कर्मचारी कामको प्रकृति र आवश्यकता अनुसार पालैपालो उपस्थित हुने व्यवस्था मिलाइएको। यस अबधिमा रेशम किरा पालन र आगामी आर्थिक बर्षको लागि प्रस्तावित कार्यक्रम तयारी र प्रदेश मन्त्रालयमा पेस गर्ने काम भइ रहेको छ ।

सम्पर्क सुधिर पौडेल बाली संरक्षण अधिकृत, ९८५१२५३६९३

### नेपाल विद्युत प्राधिकरण, ठिमी वितरण केन्द्र

दैनिक एवं अत्यावश्यक कार्यहरु संचालन भैरहेको

- नो लाईट सेवा
- मर्मत संभार फाँट
- मिटर सिकायत फाँट
- ११ के. भी. स्विचिङ्ग सवस्टेशन
- आय संकलन काउन्टर
- लेखा फाँट
- भैपरी आउने अत्यावश्यक सम्पूर्ण कार्यहरू

### शिक्षा तथा मानव स्रोत विकास केन्द्र

माथिल्लो निकायवाट माग भए बमोजिमका विवरण पठाउनेलगायतका निम्नानुसारका कार्यहरु सम्पादन भएको

- राष्ट्रिय परीक्षा वोर्डवाट माग भएको अपायक केन्द्र परिवर्तनसम्बन्धी र उपकेन्द्रसम्बन्धी सिफारिस गरि पठाइएको |
- द्वन्द्वपिडित छात्रवृत्तिको लागि निवेदन पेश भएका विद्यार्थीहरुको लागि छात्रवृत्ति वितरणको छात्रवृत्ति वितरण समितिवाट निर्णय गरिएको ।
- केही शिक्षकहरुको अनिवार्य अवकाश तथा निवृत्तिभरणको लागि सिफारिश गरिएको |

### यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र बागमती, जगाती

कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारको निर्णयानुसार यस विषम परिस्थितिमा यस कार्यालयबाट आन्तरिक आर्थिक प्रशासनसम्बन्धी कार्य वाहेक कुनै सेवा सञ्चालन नगरिएको ।

## राष्ट्रिय पुननिर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) भक्तपुर

- पुनःनिर्माण जिल्ला सहजीकरण समितिको मिती २०७७।०१।२८ मा वैठक सम्पन्न भएको
- किस्ता वितरणमा सहजीकरण गरिएको प्रथम किस्ता ५, दोस्रो किस्ता ७९, तेस्रो किस्ता ९५, लकडाउन अवधिभरको किस्ता वितरण प्रथम किस्ता ३६८, दोस्रा किस्ता ८०, तेस्रो किस्ता ९५
- छ जना प्रवलिकरणमा परेका लाभग्राहिहरुको माग र स्थानीय तहका सिफारीसमा पुन निमाणमा परिवर्तनका लागी अनुरोध गरि पठाइएको
- वैंक तथा वित्तिय संस्थाहरु र कोष तथा लेखा नियन्त्रक कार्यालयमा नियमितत समन्वय र सहाजीकरण भइ रहेको
- राष्ट्रिय पुननिर्माण प्राधिकरणको सूचना व्यवस्थापन प्रणलीमा निरन्तर Up-dated Date प्रविस्ट भइरहेको। सूचना व्यवस्थापन प्रणलीमा Error Mini-mization/Reconciliation,
- नयाँ लाभग्राहिहरु कायम भएकाहरुको Bank Mapping भइरहेको। टेलिफोन माफत प्राप्त निजी आवास सम्वन्धी गुनासो र जिज्ञासाहरुको संवोधन भएको र भइरहेको
- विभिन्न स्थानीय तहमा समसामयीक विषयमा भएको वैठकमा सहभागीता तथा सम्वन्धित निकाय विच समन्वय भइरहेको
- मासिक प्रगति विवरणहरु तयार गरी पठाउने कार्यहरु भएको र भइरहको
- मिति २०७७।२।१२ बाट स्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाई आलोपालो मिलाई देनिक कार्यालय संचालन एवं सवा प्रवाह गरेको र १३ अन्य भैपरी आउने कार्यहरु सम्पादन तथा व्यवस्थापन गरिएको ।

सम्पर्कः- कार्यालय प्रमुख सच्यूतराज उप्रेती, ९८४१२१५८८६

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)

लकडाउनको अवधिमा कार्यालयमा इकाई प्रमुख, लेखापाल, प्राविधिक सहायक, सव-इन्जिनियर, ह.स.चा. र काससमेत ६ जना कर्मचारीहरु नियमित उपस्थिति भई अन्य कर्मचारीहरुको हकमा आवश्यक्ता अनुसार आलोपालो उपस्थित हने गरी एंव कार्यालयसँग सम्वन्धित कामहरु टेलिफोन, इमेल, सोशल मिडियाको माध्यमवाट व्यवस्थापन गर्ने गरिएको

- केन्द्रिय आयोजना कार्यान्वयन इकाईवाट आ.व. २०७६।७७ र आव. २०७७/७८ मा विद्यालय पुनर्निर्माण शुरु गर्ने गरी विद्यालय भवन/ब्लक, शौचालय ब्लक र खानेपानी सुविधाको लागि प्राप्त कोटाखअनुसारको विद्यालयहरु छनोट गरी पठाएको ।
- यस आ.व.को कार्यक्रम अनुसार १० विद्यालयमा खानेपानी सुविधा र ५ विद्यालयमा शौचालय ब्लक निर्माणसम्वन्धी सम्झौता भै पेश्की दिइएको ।
- आव. २०७३७४ र २०७४।७५ को र २०,०५,२२२।- (अक्षरेपी रु वीस लाख पनचानब्ब हजार दुई सय वाईस रुपैया) बेरुजु संम्परिक्षण सम्वन्धी कार्य ।
- यस कार्यालयबाट विद्यालय भवन व्लक, शौचालय व्लक निर्माण सम्वन्धी विलहरुको भुक्तानी सम्वन्धी कार्य गरेको ।

## जिल्ला निर्वाचन कार्यालय, भक्तपुर

अत्यावश्यक सेवा बाहेक अन्य सेवाहरु बन्द रहेकोमा निर्वाचन आयोगले स्थानीय निकायको वडास्तरमा गई २०७६/१२/२५ देखि सञ्चालन गर्ने भनिएको फोटो सहितको मतदाता नामावली संकलन तथा अध्यावधिक कार्यक्रम स्थगित भई जिल्ला निर्वाचन कार्यालयबाट हाल कुनै पनि सेवा प्रदान नगरिएको र निर्वाचन आयोगसँग भिडियो कन्फरेन्समार्फत सम्पर्क भईरहेको र कार्यालय प्रमुख समय-समयमा कार्यालय आई नियमित रूपमा कार्यालय खोलिएको

सम्पर्कः- जिल्ला निर्वाचन अधिकारी घमचन्द्र तिम्सिना, ९८५१०३५५३०

## भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

जनस्वास्थ्य केन्द्र र श्यानिटेशन शाखा सम्पूर्ण कर्मचारीहरु परिचालन गरी स्वास्थ्य सेवा र सफाई सेवा प्रदान गर्दै आएको । दैनिक जीवनयापनमा समस्या परेका दैनिक ज्यालादारी मजदुरहरु, अति विपन्न र असहायहरुका लागि एकद्वार प्रणालीबाट राहत वितरण, विदेशबाट फर्केका स्थानीय वासिन्दाहरुको लगत संकलन र कोरोना परीक्षणलगायत विभिन्न अत्यावश्यक कार्य गर्न र सोको लागि नीतिगत निर्णय गर्न आवश्यक व्यवस्थापनको लागि यस कार्यालयको प्रशासन, लेखा, जिन्सी, योजना, वडा कार्यालयहरु, आईटी, प्रकाशन शाखालगायतका शाखाहरु खोली अत्यावश्यक कर्मचारीहरु मात्र आउने व्यवस्था गरिएको

सम्पादन गरेको मुख्य कामहरु

- कार्यपालिकाको बैठक व्यवस्थापन (५ पटक), जात्रा, पूजा, पर्वसम्बन्धी सरोकारवालाहरुको बैठक व्यवस्थापन (५ पटक), नगरपालिकास्तरीय CMC गठन र सोको बैठक व्यवस्थापन, नगर विपद व्यवस्थापन समितिको बैठक व्यवस्थापन, अन्य आन्तरिक प्रशासनसम्बन्धी कार्यहरु
- कोरोना कोषको स्थापना र परिचालन, कोरोना रोकथामका लागि विभिन्न व्यक्ति तथा संघ संस्थाहरुबाट सहयोग तथा राहत संकलन र लक्षित समूहलाई राहत वितरण; आवश्यक मास्क, स्यानिटाइजर, पीपीई तथा औषधी खरिद तथा वितरण, आयव्यय संचित व्यवस्थापन प्रणाली (शुत्र सफटवेयर) मा अपडेट, १० वटै वडा कार्यालयहरुका लागि आवश्यक निकासा तथा शोध भर्ना निकासा, मासिक तलब व्यवस्था, योजना संचालनका लागि पेश्की फछ्र्यौट तथा पेश्की, आ.ब २०७७।७६ को लागि बजेट तयारीसम्बन्धी कार्य, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आवश्यक निकासासम्बन्धी कार्य ।, नगरबासी कृषकहरुको लागि धानको विउ वितरणको भुक्तानी व्यवस्था, अन्य नियमित लेखासम्बन्धी कार्यहरु
- आ.व. २०७७/७८ को लागि राष्ट्रिय खेलकुद परिषद्मा योजनाको लागि बजेट माग, बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा विशेष अनुदानको लागि पाँच वटा योजना छनौट गरी पत्राचार, समपुरक अनुदानको लागि तीन वटा योजना छनौट गरी पत्राचार,समपुरक अनुदानको लागि थप एउटा योजना योजना छनौट गरी पत्राचार
- ठेक्काको कार्य, ल.ई. तयार (२३ वटा) , उपभोक्ता समिति गठन (१२ वटा), पेश्की फछ्र्यौट (१३ वटा), निर्माण समिति बैठक (३ पटक), विपन्न सिफारिस (१६), धन्यवाद ज्ञापन पत्र (८२)
- अनलाइन पत्रिका Bhaktapurkhabar.com संचालन, इमेल संचालन Face-book पेज Website अद्यावधिक, CMIS मा डाटा इन्ट्री गर्ने काममा निरन्तरता दिएको, विदेशबाट आउनेहरुको डाटा संकलनको लागि आवश्यक Google Form भर्न लगाउने कार्य, राहत वितरणको डाटा संचालन र रिपोटिङ्ग
- नगरपालिकाबाट संचालित अफसेट प्रेस इकाइबाट भक्तपुर मासिक पत्रिका ३ अंक प्रकाशित, ख्वप पौ ५ अंक प्रकाशित, अत्यावश्यक काममा घर वाहिर आउने अनुमतिपत्र छपाइ र वितरण, जनचेतनामूलक पर्चा छपाई र वितरण
- विदेशबाट फर्केका भक्तपुर नगरवासीहरुको RDT परीक्षण, जनस्वास्थ्य सेवा केन्द्र च्याम्हासिंहमा RDT परीक्षण तथा PCR परीक्षणको लागि नमूना संकलन, आकस्मिक कक्ष, ल्याव सेवा, एक्स-रे सेवा, फार्मेसी र आँखा रोगसम्बन्धी आकस्मिक सेवा संचालन, दीर्घ रोगीहरुको लागि नियमित औषधी वितरण, खोप र डट्स संचालन, नगर क्षेत्रमा दैनिक सरसफाई, फोहरमैला व्यवस्थापन कार्य, टोल टोलमा साबुन पानी हात धुन राखिएका ट्यांकीहरुमा पानी वितरण, दैनिक सडक, गल्ली र चोकहरुमा किटनाशक औषधी छर्कने कार्य
- तरकारी बजार व्यवस्थापन कार्य, ढल निकास खोल्ने कार्य, सचेतनामूलक माइकिङ्ग कार्य, अनियमित निर्माण रोक्ने कार्य, वडा स्तरीय समन्वय समिति गठन र साबुन, पंजा तथा माक्सलगायतका सुरक्षा सामाग्रीहरु वितरण, स्वास्थ्यकर्मी तथा सफाईकर्मीहरुलाई व्यक्तिगत सुरक्षा सामाग्री PPE वितरण
- निःशुल्क धानको बीउ वितरण, टोल टोलमा साबुन पानीले हात धुन आवश्यक ट्याँकी, पानी र साबुनको व्यवस्था, बजार अनुगमन

## जिल्ला हुलाक कार्यालय भक्तपुर

कार्यालय सञ्चालनको सम्बन्धमा कार्यालय प्रमुखले कार्यप्रकृति अनुसार आवश्यक कर्मचारीलाई बोलाइ कार्यसम्पादन भैराखेको|

हाल यस कार्यालयले प्रशासनसम्बन्धी कार्य,हुलाक बचत बैंक सम्बन्धित कार्य, लेखासम्बन्धी कार्य, टिकट बिक्री/वितरण सम्बन्धित कार्य, राजस्वसम्बन्धी कार्य गरि राखेको छ ।

हुलाक सेवा अन्तर्गत सञ्चालन हुने डाँक ढुवानी कार्य यातायात संचालन नभएको कारण गोश्वारा हुलाक कार्यालयबाटै सञ्चालन नभएको कारणले गर्दा यस कार्यालयबाट पनि संचालन हुन नसकेको ।

## काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय भक्तपुर

लकडाउन अवधिको शुरुको अवस्थामा कार्यालयका आवश्यकता अनुसार कार्यालय खोली कामकाज गरेको र विगतको १० दिन देखी कार्यालयका प्राविधिक कर्मचारी, लेखा प्रमुख र कार्यालय सहयोगीको उपस्थितिमा कार्यालय संचालन भइरहेको । संचालनमा रहेका केही विकास निर्माणका आयोजनाहरुको सुपरिवेक्षण तथा मूल्याँकन गरी भुक्तानी दिने कार्य र प्लानिङ परमिट माग भएका निवेदन सम्बन्धमा स्थलगत अध्ययनलगायतका कामहरु सम्पादन गरेको ।

## स्वास्थ्य कार्यालय भक्तपुर

कार्यालयबाट संचालन गर्नुपर्ने सम्पूर्ण कार्यक्रमहरु जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले बार्षिक कार्यक्रममा भएका तालिम कार्यक्रमहरु बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरु नियमित रुपमा संचालन भैरहेको । जिल्लामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक भ्याक्सीन तथा औषधीजन्य सामाग्रीहरु उपलब्ध गराउनुका साथै नगरपालिकाहरुसँग स्वास्थ्यसँग सम्बन्धित कार्यक्रममा समन्वय गर्नुका साथै नियमित तथा आकस्मिक सबै खाले स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु संचालनमा भैरहेका । सार्बजनिक सवारी साधनमा कार्यालय आउनुपर्ने सबै कर्मचारीहरु नियमित रुपमा कार्यालयमा उपस्थित हुन नसकेको तथापि कार्यालयको आन्तरिक स्रोत व्यवस्थापन गरि लकडाउनको अबधिमा कार्यक्रमहरु संचालन भैरहेका छन ।

- बाल स्वास्थ्य अन्तर्गतका नियमित खोप सेवा, पोषण सेवा र CBIMCI कार्यक्रम अन्तर्गतका सम्पूर्ण कार्यक्रम नियमित रुपमा संचालन भैरहेका ।
- परिवार स्वास्थ्य अन्तर्गतका सुरक्षित मातृत्व र परिवार नियोजन सेवा कार्यक्रम नियमित रुपमा संचालन भैरहेका ।
- क्षयरोग तथा एचआइभीका बिरामीहरुको उपचार तथा औषधी वितरण कार्यक्रम नियमित रुपमा संचालन भैरहेका|
- महामारी तथा रोग नियन्त्रण अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरु नियमित रुपमा संचालन भैरहेका ।
- कोभिड -१९ को महामारीबाट जिल्लालाई सुरक्षित बनाउनको लागि आवश्यक कार्यक्रम संचालन भैरहेका । जस अन्तर्गत बिरामिको हिस्ट्री हेरी आरडिटी परिक्षण गराउने पिसिआर परीक्षणको लागि स्वाब संकलन गर्ने र पोजेटिभ आएको ठाँउमा कन्ट्याक्ट ट्रेसिङका कार्यक्रमहरु संचालन भैरहेका ।
- दैनिक रुपमा कोभिड -१९सँग सम्बन्धित जिल्लाभरीको विवरण संकलन गरीसँग्रह गर्नुका साथै जिल्लाको तथ्याङ्क संघ, प्रदेश र स्थानिय तहमासमेत पुर्याउने कार्य भैरहेको ।
- जिल्लामा जम्मा पत्ता लागेका ५ वटा कोभिड -१९ का केसहरु मध्ये ४ वटा सन्चो भैसकेको छ भने बाँकी एउटा बिरामीको अबस्था पनि सामान्य रहेको छ ।








प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय भक्तपुर**

**संकट व्यवस्थापन केन्द्र भक्तपुर**
**Crisis Management Center (CMC) Bhaktapur**

facebook/daobhaktapur
twitter/daobhaktapur
daobhaktapur@gmail.com
daobhaktapur.moha.gov.np भित्र कोभिड १९ CMC
६६१४४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाटसमेत सम्पर्क गर्न सकिन्छ ।

Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, **संकलन सम्पादन/Focal Person रविन्द्र गौतम Viber 9840177327**